म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर


म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- २६२ २०८१ साउन ३० गते बुधबार 14 August 2024, Wednesday - पृष्ठ ४ मूल्य रु. ५/-




# करवृद्धिको विषयमा हेटौंडाका व्यवसायीले मुख्यमन्त्रीलाई बुझायो ज्ञापनपत्र



मुख्यमन्त्री बहादुरसिंह लामालाई ज्ञापनपत्र बुझाउँदै व्यवसायी ।

समाज संवाददाता

हेटौंडा: हेटौंडा उपमहानगरपालिकाले गरेको करवृद्धिको निर्णय विरुद्ध आन्दोलनको घोषणा गरेका व्यवसायीले बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामालाई ज्ञापनपत्र बुझाएको छ। मंगलबार दिउँसो मुख्यमन्त्री लामालाई मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्ण कुमार गुप्तासहितको व्यवसायीको समूहले ज्ञापनपत्र बुझाएको हो । हेटौंडा उपमहानगरपालिकाले व्यवसाय कर, घरभाडाको आधारमूल्य, एकीकृत सम्पत्ति कर र विज्ञापन करमा भारी वृद्धि गरेको भन्दै व्यवसायीले सोमबार पहिलो चरणको पाँच दिने आन्दोलनका कार्यक्रम घोषणा गरेको छ ।

आन्दोलनको दोस्रो दिन जिल्लाका सबै राजनीतिक दल, जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालयसँगै प्रदेशको उद्योग मन्त्रालय र मुख्यमन्त्रीलाई समेत ज्ञापनपत्र बुझाएको हो। व्यवसायीको ज्ञापनपत्र बुझ्नु हुँदै मुख्यमन्त्री बहादुर सिंह लामाले आफू पनि व्यवसायी भएको र व्यवसायीको दुख थाहा भएको उल्लेख गर्नुभयो । उहाँले एकजना व्यवसायीले धेरैतिर दर्ता, नवीकरण, जरिवाना तिर्दा हैरान हुने र व्यवसायी निरन्तर मारमा परिरहने बताउनुभयो ।

मकवानपुर उद्योग वाणिज्य संघको समन्वय र सहजीकरणमा निर्माण व्यवसायी संघ मकवानपुर, होटल एसोसिएसन मकवानपुर, सहकारी संघहरु एकसाथ हेटौंडा उपमहानगरपालिकाविरुद्ध आन्दोलनमा होम्मिएका छन् । मंगलबारको ज्ञापनपत्र बुझाउने कार्यक्रममा सबैको साथ र सहयोगको प्रतिवद्धता प्राप्त भएको बताइएको छ । ज्ञापनपत्र बुझाउने कार्यक्रमसँगै व्यवसायीले मंगलबारबाट हेटौँडा उपमहानगरपालिकालाई राजश्व नतिर्न र आन्दोलनमा सहभागी हुन आग्रह गर्दै माइकिङ गर्न सुरु गरेको छ ।

व्यवसायीले मंगलबार बिहानैदेखि ज्ञापनपत्र बुझाउन सुरु गरेको हो। व्यवसायीले मुख्यमन्त्री बहादुरसिंह लामासहित प्रदेशको उद्योगमन्त्री सुकमाया तामाङ, जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर, प्रमुख जिल्ला अधिकारी तीर्थराज चिलुवाल, नेकपा एमाले मकवानपुरका अध्यक्ष श्रीधर पोखरेल, नेपाली काँग्रेस मकवानपुरका उपसभापति धर्म लामिछाने, नेकपा माओवादी केन्द्र मकवानपुरका संयोजक भीम पाख्रिन, राप्रपा मकवानपुरका अध्यक्ष शिवराम थापा, रास्वपा मकवानपुरका उपसभापति प्रकाश गौतम, नेकपा एकीकृत समाजवादी मकवानपुरका विष्णु दाहाललाई ज्ञापनपत्र बुझाएको छ ।

ज्ञापनपत्र बुझाएपछि व्यवसायीले मंगलबार साँझ दुईदिनको आन्दोलनका कार्यक्रमको समीक्षा गरेर तेस्रो दिन उपमहानगरपालिका परिसरमा धर्ना कार्यक्रमको तयारी गर्ने जनाएको छ। साथै मकवानपुर उद्योग वाणिज्य संघ मातहतका वस्तुगत संघहरुले व्यवसायीको आन्दोलनमा ऐक्यवद्धता जनाउँदै विज्ञप्ति जारी गर्न सुरु गरेको छ । मोवाइल एसोसिएसन अफ नेपाल, कम्प्युटर एसोसिएसन अफ नेपालले मंगलबार विज्ञप्ति जारी गर्दै आन्दोलनमा ऐक्यवद्धता जनाएको छ ।

## 'औसत ५० प्रतिशत कर बढायौं: प्रवक्ता न्यौपाने



पत्रकारसँगको छलफलमा प्रवक्ता सविन न्यौपाने ।

हेटौँडा: हेटौँडा उपमहानगर पालिकाका प्रवक्ता सविन न्यौपानेले चालु आर्थिक वर्षका लागि हेटौंडा उपमहानगर पालिकाले राजश्वको दर औषतमा ५० प्रतिशतले बढाइएको बताउनुभएको छ । हेटौंडा उपमहानगरपालिकाले अस्वभाविकरुपमा राजश्वको दर वृद्धि गरेको भन्दै व्यवसायीले आन्दोलित भइसकेको सन्दर्भमा आज केही पत्रकारहरुलाई उपमहानगरमै बोलाएर करको दरको वृद्धि सम्बन्धमा प्रवक्ता न्यौपानेले स्पष्ट पार्ने प्रयास गर्नुभएको हो ।

गत आर्थिक वर्षमा घरबहाल कर वापत ६ करोड र व्यवसाय कर वापत २ करोड ३२ लाख रुपैयाँ उपमहानगरले आम्दानी गरेको पनि उहाँले जानकारी दिनुभयो । प्रवक्ता न्यौपानेले राजश्व वृद्धि गर्ने सम्बन्धमा राजश्व परामर्श समिति र कार्यपालिका बैठकका निर्णय भने सार्वजनिक गर्न नमिल्ने बताउनुभएको छ। राजश्वको दर बढाउने, नयाँ शीर्षकहरु थप गर्ने प्रक्रियाअन्तर्गत आवश्यक अध्ययन, अनुसन्धानको पक्षका बारेमा पनि प्रवक्ता न्यौपानेले स्पष्ट पार्न सक्नुभएन । व्यवसाय र व्यवसायी चरम मारमा परिरहेका बेला राजश्वको दर बढाउँदा अन्ततः उपभोक्ता नै मारमा पर्ने जोखिमप्रति पनि उपमहानगर जिम्मेवार हुन नसकेको भन्ने प्रश्नमा प्रवक्ता न्यौपाने मौन रहनुभयो ।

नगर उपप्रमुख राजेश बानियाँ भने पत्रकारसँगको छलफलमा सहभागी हुनु भएन । पत्रकारसँगको छलफलमा किन सहभागी नहुनुभएको भन्ने प्रश्नमा उपप्रमुख बानियाँले भन्नुभयो, “प्रवक्ताले नै सम्हालिहाल्छ किन मैले बोल्नुपर्यो र ?” आन्दोलनको घोषणा गरेका व्यवसायीसँग पनि सरसल्लाह भइरहेको उपप्रमुख बानियाँले बताउनुभयो । नगर प्रमुख मीना कुमारी लामा काठमाडौं हुनुभएकोले पत्रकारसँगको छलफलमा सहभागी हुन नपाउनुभएको प्रवक्ता न्यौपानेले स्पष्ट पार्नुभयो ।

हेटौँडा उपमहानगरपालिकाले चालु आर्थिक वर्षका लागि राजश्वको दर उच्चतम् रुपमा वृद्धि गरेको भन्दै व्यवसायी आन्दोलित छन् । हेटौँडा उपमहानगर पालिकाले गत आर्थिक वर्ष सबैखाले सहकारीसँग दुई हजार पाँच सय रुपैयाँ राजश्व लिएकोमा चालु आर्थिक वर्षका लागि बहुउद्देश्यीय सहकारी संस्थालाई १२ हजार रुपैयाँ (२६३ प्रतिशत बढी) कायम गरेको छ भने बचत तथा ऋण सहकारी संस्थालाई आठ हजार रुपैयाँ (२२० प्रतिशत बढी) कायम गरेको छ । हेटौँडा उपमहानगरले अधिकांश शीर्षकमा ३३, ५०, ६६, १०० प्रतिशतका दरले राजश्वको दरमा वृद्धि गरेको छ ।

## सुधार उन्मुख बागमतीको बजेट

# खर्च, वित्तीय प्रगति ७ वर्षकै उच्च

समाज संवाददाता

हेटौंडा: बागमती प्रदेश सरकारको खर्च प्रणालीमा तुलनात्मकरुपमा सुधार देखिएको छ। विगतका आर्थिक वर्षहरुमा मुस्किलले ६५ प्रतिशत वित्तीय प्रगति प्राप्त हुने प्रदेश सरकारको खर्च प्रणालीमा केही सुधार देखिएको हो ।

प्रदेश गठन भएदेखि नै बजेट कार्यान्वयन सुस्त देखिएको बागमती प्रदेशको गत आर्थिक वर्षमा एकाएक ७० प्रतिशतभन्दा बढी खर्च देखिएको छ । जुन हालसम्मकै उच्च दर हो । यसअघिका वर्षहरुमा प्रदेश सरकारको करिब ४० प्रतिशत बजेट फ्रिज हुँदै आएको थियो। विगत ७ वर्षको तुलनामा गत आर्थिक वर्षमा सबैभन्दा बढी खर्च गरेको हो।

गत आर्थिक वर्ष २०८०/०८१ को असार मसान्तसम्म प्रदेश सरकारको कुल बजेट खर्च ७२ दशमलव ८३ प्रतिशत भएको छ । प्रदेश सरकारले आर्थिक वर्ष २०८०/०८१ का लागि ६२ अर्ब ७० करोड ९० लाख रुपैयाँ बजेट विनियोजन गरेकोमा पुँजीगततर्फ ७९.४७ प्रतिशत र चालुतर्फ ६५.१४ प्रतिशत खर्च गरेको प्रदेश लेखा नियन्त्रक कार्यालय हेटौंडाले जनाएको छ । प्रदेशका १३ मन्त्रालय र सो मातहतका निकायहरुले गत आर्थिक वर्षका लागि विनियोजन गरेको कुल बजेटमध्ये ४५ अर्व ६७ करोड रुपैयाँ खर्च गरेको छ।

प्रदेश सरकारले गत आर्थिक वर्षमा अघिल्लो आर्थिक वर्ष २०७९/०८० को तुलनामा ६.२३ प्रतिशत बढी बजेट खर्च गरेको छ। आर्थिक वर्ष २०७९/०८० मा कुल विनियोजित बजेटको ६६.०६ प्रतिशत बजेट खर्च गरेको थियो।

सबैभन्दा बढी अंकको बजेट ल्याएको आर्थिक वर्ष २०७९/०८० मा प्रदेश सरकारको खर्च ६६.०६ प्रतिशतमात्र भएको थियो । सो आर्थिक वर्षका लागि ७० अर्ब ९३ करोड ९२ लाख ९१ हजार रुपैयाँको बजेट सार्वजनिक गरेको प्रदेश सरकारले ४६ अर्ब ८६ करोड २० लाख रुपैयाँमात्र खर्च गरेको थियो।

आर्थिक वर्ष २०७८/२०७९ मा प्रदेशको कुल बजेटको ६५.८३ प्रतिशत खर्च हुँदा ३४.१७ प्रतिशत बजेट फ्रिज भएको थियो। सो आर्थिक वर्षमा ५७ अर्ब ७२ करोड ९ लाख २७ हजार रुपैयाँको बजेट ल्याइएको प्रदेश सरकारले जम्मा ३७ अर्ब ९९ करोड ४९ लाख ४६ हजार रुपैयाँ खर्च गरेको थियो।

आर्थिक वर्ष २०७७/२०७८ मा प्रदेश सरकारले ६९ प्रतिशत खर्च गरेको थियो भने ३१ प्रतिशत बजेट फ्रिज भएको थियो। उक्त आर्थिक वर्षमा प्रदेशले ५१ अर्ब ४२ करोड ७४ लाख ९४ हजार रुपैयाँको बजेट सार्वजनिक गरेकोमा जम्मा ३५ अर्ब ५९ करोड ४८ लाख ४१ हजार ५०१ रुपैयाँ खर्च गरेको थियो।

आर्थिक २०७६/२०७७ मा पनि बागमती प्रदेश सरकारले बजेट खर्च सोचेअनुरुप गर्न सकेन। सरकारले विनियोजन गरेको कुल बजेटको जम्मा ५८.७१ प्रतिशत खर्च गरेको थियो भने ४१.२९ प्रतिशत बजेट फ्रिज भएको थियो। प्रदेश सरकारले २०७६/०७७ मा ४७ अर्ब ६० करोड ७८ लाख ८६ हजार रुपैयाँको विनियोजित बजेटमध्ये २७ अर्ब ९५ करोड ८ लाख ७० हजार ४६९ रुपैयाँ खर्च गरेको थियो।

प्रदेश सरकारको पहिलो आर्थिक २०७५/२०७६ मा ल्याएको बजेटको जम्मा ६० प्रतिशतमात्र खर्च भएको थियो भने कुल बजेटको ४० प्रतिशत फ्रिज भएको थियो।

### कसरी बढ्यो सरकारको बजेट खर्च ?

ठूलो आकारको बजेट र महत्वकांक्षी योजना अघि सारे पनि सरकार आफैंले बनाएको योजना कार्यान्वयनमा समस्या भोग्दै आएको थियो । जसका कारण बजेट खर्चको प्रगति अपेक्षाकृत हुन नसकेको देखिन्छ। पछिल्लो समय राजनीतिक स्थिरताका कारण सरकारको बजेट खर्च बढेको देखिन्छ। १८ महिना निरन्तर एउटै सरकारले काम गर्ने अवसर पाउँदा बजेट खर्च बढेको विश्लेषण गरिएको छ।

प्रदेश लेखा नियन्त्रक हरिप्रसाद उपाध्यायका अनुसार विगत ५ वर्षको तथ्यांक हेर्दा प्रदेश सरकारको बजेट खर्च सुधारोन्मुख देखिएको छ। विगतका वर्षहरुको तुलनामा गत आर्थिक वर्षमा प्रदेश सरकारले सबैभन्दा बढी बजेट खर्च गरेको उहाँले बताउनुभयो । राजनीतिक, प्रशासनिक तथा योजना छनोट र कार्यान्वयनको नीतिले बजेट खर्च बढेको उहाँले बताउनुभयो । प्रदेश सरकारले योजना कार्यान्वयनमा ५ वर्षे नीति लिएसँगै योजना छनौट र बजेट विनियोजन प्रणालीमा केही सुधार आएकाले त्यसको प्रभाव बजेट खर्चमा देखिएको उहाँको भनाइ छ।

अर्थतन्त्रका जानकार डिपी ढकालका अनुसार सरकारले लिएका नीति र योजना कार्यान्वयनको पूरा अवसर प्राप्त भएकाले बजेट खर्चमा सुधार आएको हो । १८ महिनासम्म सरकार स्थिर रहेकाले मन्त्रीहरुले गर्नुपर्ने कामहरु प्रभावकारी भएकाले बजेट खर्चमा सुधार भएको उहाँको भनाइ छ। सरकारका कार्ययोजना तथा समयसीमा र जिम्मेवारीका बारेमा नेतृत्वकर्ताले गरेको कार्यसम्पादन सम्झौता तथा अनुगमनले बजेट खर्चमा सुधार आएको उहाँले बताउनुभयो।

मूल राजनीतिक दलहरुको विकासमा ऐक्यवद्धता र इच्छाशक्तिका कारण पनि विगतको तुलनामा बजेट खर्च बढेको अर्थ राजनीति विश्लेषक ढकालको बुझाइ छ। योजना छनौट गर्नु अघि नै सम्भाव्यता अध्ययन, लागत स्टमेट र योजनाको प्राथिमकताजस्ता विषयलाई ध्यान दिने हो भने बजेट खर्च हुने क्रम बढाउन सकिने उहाँको भनाइ छ। प्रदेशको योजनावद्ध विकासमा सरकारले ध्यान पुऱ्याउन सकेको खण्डमा बजेट खर्च थप उचाईमा पुग्ने उहाँले बताउनुभयो ।









सम्पादकीय

# करवृद्धि र आन्दोलन

हेटौंडा उपमहानगरपालिकाले चालु आर्थिक वर्ष २०८१/०८२ का लागि विभिन्न शीर्षकमा कर तथा राजश्वको दर वृद्धि गरेकोमा व्यवसायीले बिरोध गरेका छन् । उपमहानगरपालिकाले चालु आर्थिक वर्षका लागि कर तथा राजश्वका विभिन्न शीर्षकमा १७ प्रतिशतदेखि १५० प्रतिशतसम्म वृद्धि गरेपछि व्यवसायीले बिरोध गरेका हुन् । करवृद्धिको बिरोध गर्दै मकवानपुर उद्योग वाणिज्य संघ, निर्माण व्यवसायी संघ मकवानपुरलगायत व्यावसायिक संघसंस्थाले ज्ञापनपत्र बुझाएका थिए । व्यवसायीको बिरोध र ज्ञापनपत्र बुझाएपछि करको दरसम्बन्धमा उपमहानगरपालिकाको कार्यपालिका बैठकमा छलफल भए पनि कुनै निर्णय भएन । कार्यपालिकाले निर्णय नगरेपछि वृद्धि भएको कर तथा राजश्वको दर यथावत रहेको भन्दै व्यवसायीले आन्दोलन घोषणा गरेका हुन् । मकवानपुर उद्योग वाणिज्य संघको अगुवाईमा उपमहानगरपालिकाको करवृद्धि गर्ने निर्णयविरुद्ध आन्दोलन घोषणा गरिएको छ ।

आर्थिक मन्दीका कारण व्यावसायिक क्षेत्र मारमा परिरहेको समयमा हेटौंडा उपमहानगरपालिकाले अस्वभाविकरुपमा राजश्वको दर वृद्धि गरेको भन्दै व्यवसायीले आन्दोलन घोषणा गरेका छन् । सोमबार दिउँसो मकवानपुर उद्योग वाणिज्य संघको अगुवाईमा मकवानपुरका व्यवसायीले आन्दोलनको घोषणा गरेका हुन् । उपमहानगरपालिकाले करको दर र दायरा बढाउँदै नयाँ शीर्षकमा पनि उच्च दरमा कर निर्धारण गरेको भन्दै ध्यानाकर्षणपत्र बुझाएका व्यवसायीले नगरप्रमुख, उपप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतबाट सकारात्मक आश्वासन पाएका थिए । तर, कार्यपालिका बैठकको कार्यसूचीमा राखिएको कर तथा राजश्वको दरसम्बन्धी प्रस्तावमा कुनै निर्णय नगरेर व्यवसायीको ध्यानाकर्षणप्रति बेवास्ता गरिएको भन्दै आन्दोलन घोषणा गरिएको हो । कोभिड-१९ देखि निरन्तर खस्कँदो अवस्था रहेको व्यवसायलाई सहयोग र सहुलियत दिनुपर्ने भए पनि स्थानीय सरकारले करको दर बढाएर व्यवसायीलाई थप पीडा दिने काम गरेको व्यवसायीको भनाइ छ ।

हेटौंडा उपमहानगरपालिकाले बहाल कर प्रयोजनका लागि न्यूनतम घर भाडा दरमा २५ देखि ५० प्रतिशतसम्म वृद्धि गरेको छ । उपमहानगरपालिकाले ड्राइक्लिनर्स र सुपरमार्केटको व्यवसाय कर क्रमशः १३३ र १५० प्रतिशत वृद्धि भएको छ । थोक तथा खुद्रा बिक्रेता, कोल्डड्रिंक्स र बेकरी, मोटरसाइकल सर्भिस, कम्प्युटर, मोबाइल तथा फोटोकपी मर्मत, डिपार्टमेन्ट स्टोरलगायतको व्यवसाय कर शत प्रतिशत वृद्धि गरिएको छ । सुनचाँदीका गरगहना बिक्रेता, कृषि तथा भेटेरिनरी र मार्टको कर ५० प्रतिशतभन्दा बढी बढेको छ । गत आर्थिक वर्ष सबैखाले सहकारीलाई वार्षिक २ हजार ५ सय रुपैयाँ राजश्व लिएको उपमहानगरले चालु आर्थिक वर्षमा सहकारीलाई वर्गीकरण गरेर १२ हजार रुपैयाँसम्म राजश्व लिने भएको छ । फार्मेसी र भाँडा पसलको कर ३३ प्रतिशत वृद्धि गरिएको छ । यस्तै, पाठ्यपुस्तक तथा स्टेशनरीको २० प्रतिशत करवृद्धि हुँदा जुत्ता चप्पल, तरकारी तथा फलफूल र मर्मतको १७ प्रतिशत कर वृद्धि भएको छ ।

व्यवहारिक र वैज्ञानिक आधारबिना नै कर तथा राजश्वको दर वृद्धि गरिँदा धरासायी बन्दै गएको उद्योग, व्यवसायले भविष्यमा अझ ठूलो आर्थिक संकटको सामना गर्नुपर्ने आशंका पैदा भएको छ । व्यवसायीले पटक-पटक आग्रह गर्दा पनि करको दरमा पुनर्विचार नगरी नयाँ दर कार्यान्वयनतर्फ उपमहानगरपालिका अग्रसर भएपछि आन्दोलन गर्न बाध्य भएको व्यवसायीको भनाइ छ । उद्योग वाणिज्य संघले उपमहानगरपालिका कार्यालयमा धर्ना दिनेदेखि व्यवसाय बन्द गरेर चाबी उपमहानगरपालिकालाई बुझाउनेसम्मका आन्दोलनका कार्यक्रम घोषणा गरिएको भए पनि चाडबाडको सिजनमा व्यवसाय बन्द गर्नु सहज देखिँदैन । व्यवसाय नै बन्द गरेर आन्दोलन गर्दा त्यही व्यवसायबाट दैनिक गुजारा चलाउने व्यवसायी थप मारमा पर्नेतर्फ आन्दोलनको अगुवाई गर्नेले सोच्नुपर्छ । करवृद्धि विरुद्ध आन्दोलन गर्नुपर्ने व्यवसायीको बाध्यता भए पनि व्यवसाय बन्द नगरी अन्य प्रकृतिका दबाबमूलक कार्यक्रम गर्नु उचित हुनेछ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार १११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्कः ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : कार्यसम्पादन बढ्ने समय योग छ । |
| वृष | : कार्यक्षमतामा प्रतिष्ठा कमाउने समय योग छ । |
| मिथुन | : मानसिक तनावमा कमि आउने समय योग छ । |
| कर्कट | : चित्त दुखाएर लाभ नलिँदा राम्रो रहने समय योग छ । |
| सिंह | : मित्रको बन्धन कसिलो समय योग रहेको छ । |
| कन्या | : लडेका कामबाट विशेष सफलता प्राप्त गर्दैछ । |
| तुला | : प्राज्ञिक गतिविधीका कामबाछ लाभ प्राप्त होला । |
| वृश्चिक | : आपसी तालमेल र पारिवारिक मिलन प्राप्त होला । |
| धनु | : भाग्यबल बढ्ने समय योग रहेको देखिन्छ । |
| मकर | : आर्थिक अवस्थामा सहज परिवेश रहने समय छ । |
| कुम्भ | : उन्नतिको पथमा निरन्तर अगाडि बढिने छ । |
| मीन | : कल्पना र मनमा केन्द्रितभइने समय योग छ । |

# पार्टीको शक्ति प्रदर्शनमा दुरुपयोग भइरहेका युवा



सन्तोष चौलागाई

नेपालमा राष्ट्रिय युवा नीति २०७२ मा १६-४० वर्ष उमेर समूहलाई युवाको परिभाषाभित्र राखिएको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा युवा (१६-४० उमेर समूह) को जनसंख्या ४२.५६ प्रतिशत (१,२४,१२,१७३) रहेको छ। विगतमा २०६८ को जनगणना अनुसार युवाको जनसंख्या ४०.३५ प्रतिशत (अर्थात् १,०६,८९,८४२) रहेको थियो । कुल जनसंख्याको करिब आधा युवाको संख्या छ।

जहाँ युवाको संख्या उल्लेख्य छ, त्यसलाई राष्ट्र विकासका लागि राम्रो सूचकांकका रुपमा लिइन्छ । यसलाई स्वर्णिम समय मानिन्छ। तर, यहाँ ठूलो जनसंख्या युवाको हुँदा पनि राज्यले उनीहरूलाई परिचालन गर्न कुनै ठोस र प्रभावकारी कार्यक्रम बनाउन सकेको छैन।

युवा को हो ? व्यक्ति अनि राष्ट्रपिच्छे परिभाषा फरक छन् । उमेर समूहका आधारमा युवालाई छुट्याउने या युवापनलाई युवा भन्ने ? हाल पनि बहसको विषय बन्दै आएको छ । युवालाई उमेर समूहको आधारमा मात्र परिभाषित गर्ने प्रचलन हाम्रोमा छ। युवा, समग्र जीवनको एउटा यस्तो उमेर अवस्था हो, जहाँ व्यक्तिमा साहस, सिर्जनशीलता, सिक्ने क्षमता एवम् उच्च आत्मविश्वास हुन्छ।

यही उमेरमा आफ्नो फरक पहिचान निर्माण गर्न चाहन्छ। समाजमा आफूलाई अब्बल साबित गर्न संघर्षरत हुन्छ। युवा अवस्था मानवजीवनकै सर्वाधिक ऊर्जाशील समय हो। परिवारको प्रत्यक्ष निगरानीबाट मुक्त हुँदै आफ्नो क्षमतामाथि विश्वास गर्न थालेको हुन्छ । त्यसैले युवावस्था निर्णायक उमेर हो, जुन अवस्थाले विगत र भविष्यलाई जोड्छ।

विश्व श्रमिक संगठनले १५-२९ वर्ष उमेर समूहलाई युवा भनेको छ भने विश्व स्वास्थ्य संगठन र युनिसेफले १५-२४ वर्ष उमेर समूहलाई युवा भनेको छ। युवाको परिभाषा देश अनुसार फरक देखिन्छ।

भारतले १५-३५, चीनले १४-२८, बंगलादेश र फिलिपिन्सले १५-३०, फिनल्यान्ड र नर्डिक युथ काउन्सिलले १६-२९ वर्षसम्मकालाई युवा भनेको छ भने हंगेरीमा १५-२६, जापान र जमैकामा २४, केन्यामा ३५ र पाकिस्तानमा ४० वर्षसम्मकालाई युवा मानिन्छ।

युवाहरूलाई राज्यको मूलधारमा समाहित गर्न र राज्यप्रति जिम्मेवार र उत्तरदायी बनाउन युवालक्षित कार्यक्रम ल्याउनु जरूरी छ। युवा मन्त्रालय गठन भएको करिब १५ वर्षपछि २०७२ मा राष्ट्रिय युवा नीति जारी गरियो। युवालाई राज्यको मूलधारमा ल्याउन र उनीहरूमा स्वयंसेवी भावना विकास गर्ने सकारात्मक परिकल्पना युवा नीतिमा गरिए पनि यसको कार्यान्वयन हुन नसक्दा यो केवल कागजमै सीमित हुनपुग्यो। युवा नीति जारी भएसँगै युवा परिषद् गठन गर्ने सरकारले आफ्नो नीति तथा कार्यक्रममा उल्लेख गर्‍यो।

मुख्य राजनीतिक दलहरूका युवा भ्रातृ संगठनले युवाका सम्बन्धमा बहस र छलफल चलाइरहेका छन्। युथ भिजन २०२५ जस्ता विषयमा अवधारणा, छलफल र कार्यक्रम हुनु सकारात्मक पक्ष हो। फरक राजनीतिक आस्था र विचार भए पनि युवाका पक्षमा एकठाउँमा उभिएका सबैजसो राजनीतिक दलका युवा भ्रातृ संगठनले आफ्नै दलभित्र र राज्यलाई थप दबाब दिनु आवश्यक ठान्दछु।

बेरोजगारी देशको ठूलो समस्या हो। यसले बढाएको युवा पलायन डरलाग्दो छ। विभिन्न तथ्यांक अनुसार वर्षेनि पाँच लाख युवा नेपालको श्रमबजारमा आउँछन्। तर, ५ प्रतिशतले मात्र रोजगारी पाउँछन् । यसमध्ये पनि आफ्नो क्षमता र योग्यता अनुसार रोजगारी पाउने न्यून छन् । देशभित्र बेरोजगारीको भयावह स्थितिले युवा वैदेशिक रोजगारीमा जान बाध्य छन्।

दैनिक १५०० युवा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट मलेसिया लगायत खाडी मुलुकमा आफ्नो श्रम बेच्न विवश छन्। भारतमा रहेका नेपाली बाहेक करिब ४५ लाख नेपाली युवा कामदारका रुपमा मध्यपूर्वलगायत देशमा छन् । यसमा करिब ३२ लाख कामदार मात्र अभिलेखीकरण भएका छन्।

अभिलेखीकरण नभएका कामदारका रुपमा क्रियाशील कामदार जति पनि बेला प्रहरीको फन्दामा पर्नसक्ने, बिरामी हुँदा स्वास्थ्य उपचारका लागि अस्पताल जान समेत नपाउने, सार्वजनिक रुपमा हिंडडुल गर्न नपाउने, रोजगारदाताबाट शोषणमा पर्ने, तलब नपाउने, नेपाल फर्कन चाहेका बेला फर्कन नपाउने लगायत समस्यामा काम गरिरहनुपरेको छ।

देश छाडेदेखि नफर्किंदासम्मका सबै समय उसका लागि पीडादायी, भय र त्रासबीच बिताउनुपर्ने हुन्छ । विदेश पलायनको क्रम रोकिनेभन्दा झन् बढ्दो छ। उच्च शिक्षाका नाममा विदेश पलायन हुनेको संख्या पनि कम छैन।

राष्ट्र विकासको मेरुदण्ड युवा आफ्नै देशभित्र भविष्य असुरक्षित र अनिश्चित देखिरहेको छ। तत्कालका लागि विप्रेषण मार्फत आउने रकमले राज्य सञ्चालनमा केही टेवा पुऱ्याए पनि यसले दीर्घकालीन रुपमा पार्न सक्ने असरबारे राज्य बेखबर बन्न मिल्दैन । युवालाई देशभित्र रोजगारको सिर्जना गर्नुपर्छ। नेपालमा चुनौतीका जति ठूला कुरा गरिन्छन्, तर सम्भावना पनि उत्तिकै छ। हामीले चुनौतीका धेरै कुरा गर्‍यौं, राष्ट्रिय र अन्तर्राष्ट्रिय फोरममा। अनि, सम्भावनाका कुरा गर्दै पछिल्ला दिन गुजारिरहेका हामीले अब सम्भावनालाई नगदमा रुपान्तरण गर्ने दिन आएका छन्। सम्भावनाको सपनामा सीमित होइन, अब हामीले समृद्धिको यात्रा थालनी गर्ने हो भने सम्भावना बोकेका क्षेत्र पहिचान गर्दै कार्यान्वयन तर्फको यात्रा बढाउनुपर्छ।

कृषि, जलस्रोत र पर्यटन नेपालको दीर्घकालीन विकासका आधारशिला हुन्। रोजगारीका लागि यी क्षेत्र निकै सम्भावनाका क्षेत्र हुन् । अनन्तकालसम्म अस्तित्वमा रहिरहने यी तीन क्षेत्रलाई राज्यले प्राथमिकीकरण गर्नुपर्छ । निजी क्षेत्र या राज्य कुनैको एकल प्रयासबाट मात्र यी क्षेत्रको विकास सम्भव छैन। यसका लागि निजी र सरकारी दुवैले हातेमालो गर्दै देशलाई समृद्धिको मार्गमा डोऱ्याउन ढिलाइ गर्नुहुन्न।

यसका लागि शिक्षामा पनि व्यापक सुधार गर्नु अत्यावश्यक छ। बेरोजगार शिक्षित उत्पादन गर्ने कारखाना बनिरहेको आरोप छ। यसकारण जीवनोपयोगी र रोजगारमुखी शिक्षामा हामीले जोड दिनसक्यौं भने हाल जुन रुपमा बेरोजगार समस्या देखिएको छ, यसमा सुधार आउनेछ।

राजनीतिक दलभित्र युवाको उपस्थिति तल्लो तहमा उत्साहजनक रहे पनि नेतृत्व र नीतिनिर्माण तहमा सन्तोषजनक देखिँदैन। एकाध युवाको प्रतिनिधित्व त्यहाँ देखिए पनि त्यसमा सन्तुष्ट हुनसक्ने अवस्था छैन। युवाको भूमिका निर्णायकभन्दा सहायक र सहयोगीका रूपमा मात्र सीमित छ।


पाका नेतामा युवा शक्तिबारे उपभोक्तावादी चिन्तन हावी छ र उनीहरुलाई भ्रातृ संगठनमा मात्र प्रयोग गरेका छन्। युवालाई पार्टीभित्र सीप, क्षमता र योग्यताका आधारमा सिर्जनात्मक ढंगले उपभोग गर्नेभन्दा पनि पार्टीको शक्ति प्रदर्शनमा उनीहरू प्रयोग भइरहेका छन् । युवालाई नेतृत्व प्रदान गर्ने कार्यमा पुरानो पुस्ता उदासीन छ।

युवा नभए पनि युवापन र युवामन भएको व्यक्ति दल र सरकारको नेतृत्वमा पुग्यो भने युवाका क्षेत्रमा निकै काम हुनसक्छन्। तर, हामीकहाँ पुरानै संस्कार र संस्कृतिमा रुमल्लिरहेका नेतृत्वहरु जो युवाका मुद्दाप्रति गम्भीर देखिंदैन । जो युवालाई सम्भावना होइन, चुनौतीका रूपमा लिन्छन् । अन्य देशले युवालाई परिवर्तन र विकासका संवाहक भनिरहँदा हामीकहाँ विपरीत रुपमा लिइन्छ। युवाप्रति हेर्ने दृष्टिकोण नै सही छैन।

२०७९ सालको निर्वाचनबाट नयाँ राजनीतिक दलहरूको उपस्थिति देखिएसँगै युवालाई पार्टीभित्र सीप, क्षमता र योग्यताका आधारमा सिर्जनात्मक ढंगले उपयोग गर्नुपर्ने आवाज उठ्न थालेका छन् । युवालाई चुनौतीका रूपमा देख्ने नेतृत्वले अब सम्भावनाको रूपमा हेर्ने दृष्टिकोण बनाउनुपर्छ।

*(लेखक प्रदेश युवा परिषद् बागमतीका कार्यकारी उपाध्यक्ष हुन्। स्रोतः अनलाईखबर)*

# महिला वकिलसँग डेट गर्नुपर्ने कारणहरु



सुरक्षा आचार्य

नेपालका साथै सम्पूर्ण विश्वमा आकर्षक पेसा हो, कानुन व्यवसाय। पछिल्लो समय हामीकहाँ पनि कानुन व्यवसायमा युवाको आकर्षण बढेको देखिन्छ।

वकिलहरूले आफ्नो विषयप्रति गहन अध्ययन गर्नुपर्ने हुन्छ। पेसाका सम्बन्धमा विभिन्न किसिमका मानिसलाई भेटघाट गर्नुपर्ने हुन्छ, उनीहरुका समस्या र मनोवृत्ति बुझ्नुपर्छ। यसरी समाजलाई बुझेर आफ्नो बौद्धिक स्तर बढाउने अवसर वकिलहरुलाई हुन्छ। यहाँ म महिला वकिलहरुसँग डेट गर्दा वा सम्बन्धमा रहँदा (प्रेम सम्बन्ध, साथीका रुपमा वा जीवन साथीका रूपमा रहँदा)को परिस्थितिलाई केलाउने कोसिस गर्दै छु।

महिला वकिलहरुसँग प्रायः गहन शैक्षिक पृष्ठभूमि हुन्छ। पेसाको प्रकृतिका कारण उनीहरु जीवनभर सिकाइमा संलग्न रहन्छन् । उनीहरूलाई आलोचनात्मक रुपमा सोच्न, जानकारीको विश्लेषण गर्न र चलाखीपूर्वक तर्क गर्न प्रशिक्षित गरिन्छ। त्यसैले महिला वकिलहरुसँग कुराकानी गर्दा वर्तमान समाजका घटना, मानिसले गर्ने अपराधहरु, मानवीय स्वभाव र मनोवृत्ति, राष्ट्रिय वा अन्तर्राष्ट्रिय कानुनी अभ्यास लगायत कुरा आउँछन्। बौद्धिक छलफल गर्न चाहने पुरुषका लागि महिला वकिलसँगको सम्बन्ध प्रभावकारी हुन सक्छ।

आफ्नो पेसाका लागि पनि महिला वकिलले आत्मविश्वास बलियो बनाउनुपर्ने हुन्छ। डेटिङ जाँदा वा कसैसँग सम्बन्धमा रहँदा पनि उनीहरु आत्मविश्वासपूर्वक प्रस्तुत हुन्छन्। बलियो आत्मविश्वासले सम्बन्धलाई बलियो बनाउन भूमिका खेल्छ । आखिर सबैले आफ्नो पार्टनर आत्मविश्वासले पूर्ण होस् भन्ने नै चाहन्छन्।

महिला वकिललाई समस्याहरु पहिचान गर्न, प्रमाणहरुको मूल्याङ्कन गर्न र उत्तम नतिजा हासिल गर्ने रणनीतिहरु विकास गर्न प्रशिक्षित गरिन्छ । समस्या समाधान गर्ने क्षमताले कानुनी मामिलामा मात्रै होइन, व्यक्तिगत सम्बन्धहरुमा पनि प्रभावकारी भूमिका खेल्न सक्छ। सम्भावित द्वन्द्व वा चुनौतीहरूमा महिला वकिलहरुले तर्कसंगत र रचनात्मक समाधान खोज्न सक्छन् । महिला वकिलहरुले व्यक्तिगत स्वतन्त्रतालाई महत्व दिने हुँदा अरु व्यक्तिको स्वतन्त्रतालाई सम्मान गर्छन्। उनीहरुले आफ्नो साथी, प्रेमी वा जीवनसाथीको स्वतन्त्रतालाई पनि महत्त्व दिन्छन्, जसले सम्बन्धलाई मजबुत बनाउन भूमिका खेल्छ। एकले अर्काको स्वतन्त्रता र चाहनालाई बुझेर अगाडि बढ्ने हो भने सम्बन्ध दिगो बन्न सक्छ।

आफ्नो कामप्रति महिला वकिलहरुको विशेष लगाव हुन्छ। त्यसैले उनीहरुले आफ्नो साथी वा जीवनसाथीले पनि काममा लगाव राखोस भन्ने चाहन्छन् । यद्यपि पेसा र सम्बन्धलाई हाराहारी अगाडि बढाउन पनि उनीहरु सजग हुन्छन्। महिला वकिलहरु न्याय, निष्पक्षता र समाजमा सकारात्मक प्रभाव पार्ने सिद्धान्तद्वारा सञ्चालित हुन्छन्। उनीहरुले राख्ने सम्बन्धमा पनि यी सिद्धान्तले कहीं न कहीं भूमिका खेलेका हुन्छन् । उनीहरु अर्थपूर्ण सम्बन्ध निर्माण गर्न र आफ्नो पार्टनरको भविष्यलाई समर्थन गर्न प्रतिबद्ध रहन्छन्, जसले सम्बन्धलाई थप मजबुत बनाउँछ। अरुको कुरा ध्यान दिएर नसुन्दा र आफ्ना कुरा प्रभावकारी ढंगले राख्न नसक्दा पनि मानिसहरुबिच सम्बन्ध बिग्रने सम्भावना रहन्छ । कानुन व्यवसायको एक आधार हो, प्रभावकारी सञ्चार। महिला वकिलहरु आफ्ना विचारहरु स्पष्ट र प्रेरक रुपमा व्यक्त गर्नुका साथै अरुलाई ध्यान दिएर सुन्नमा उत्कृष्ट हुन्छन् । आफ्नो पेसाले पनि उनीहरूलाई यस्तै बनाएको हुन्छ। आफ्ना कुरा स्पष्ट राख्दा र अरुका कुरा ध्यान दिएर सुन्दा पनि कुनै समस्याको समाधान निस्कने बाटो खुल्छ । महिला वकिलहरुले आफ्नो साथी वा जीवनसाथीलाई बोल्न र सुन्न प्रेरित गरिरहेका हुन्छन् । खुला संवाद र आपसी समझदारीले सम्बन्ध बलियो बन्ने हो।

प्रायः महिला वकिलहरूले सामाजिक असमानताहरूप्रति ध्यान दिएका हुन्छन्। सामाजिक असमानताहरूले नै सामाजिक अन्याय जन्माउँछ । सामाजिक न्याय, समाजको उन्नति र समृद्धिका लागि हो, कानुन व्यवसाय। त्यसैले अधिकांश महिला वकिलहरुले सामाजिक असमानतालाई केलाउने प्रयास गरेका हुन्छन्। यसो हुँदा उनीहरुलाई समाजमा अन्यायमा परेका मानिसहरुको भावना बुझ्न मद्दत पुगिरहेको हुन्छ । अरुको मर्का बुझ्ने भावनाका कारण नै महिला वकिलहरुसँगको सम्बन्ध सुन्दर हुन सक्छ।

आफ्नो साथीले नै जानी-नजानी मर्का पार्न खोज्छ भने महिला वकिलहरु उसलाई सम्झाउन पनि सक्षम हुन्छन्। महिला वकिलहरुले आर्थिक स्वतन्त्रता वा आत्मनिर्भरतालाई प्राथमिकता दिन्छन् । यसैले उनीहरुले आफ्नो साथी वा जीवनसाथीलाई आर्थिक रुपमा मजबुत प्रेरित गरिरहेका हुन्छन्।


महिला वकिलहरु पेसा अनुसार दण्ड-सजायसम्म पुग्नुपर्ने हुन्छ तर सम्बन्धको मामिलामा उनीहरु सम्झौता र समझदारीलाई उच्च महत्त्व दिन्छन्। सम्बन्धलाई बलियो बनाउन लचिलोपन पनि देखाउँछन्।

महिला वकिलका यी स्वभाव वा गुण तपाईंलाई मन पर्छन् त ?

*(लेखक आचार्य रेसुङ्गा ल फर्म नोटरी पब्लिक, बुटवलमा अधिवक्ता छन्। स्रोतः रातोपाटी)*

# गोधुली साँझलाई देखेपछि

(अनुभुती)



✍आयुषा श्रेष्ठ

गोधुली साँझ भन्नाले सूर्य अस्ताएर साँझ पर्न लागेको अवस्था भन्ने बुझिन्छ । गोधुली साँझको अर्को नाम सन्ध्या हो । गर्मी महिनामा गोधुली साँझ अलि लामो समयसम्म हुन्छ भने जाडो महिनामा गोधुली साँझ अलि कम समयका लागि मात्र कायम रहन्छ । गोधुली साँझले हरेक प्राणीलाई अब बेलुका हुन लाग्यो है भनेर सम्झाउँदछ । गोधुली साँझमा सबै मानिसहरू आफ्नो दिनको काम सिध्याएर आनन्द लिने काम गर्दछन् । तर कतिपय किसानहरू दिउँसोमा भन्दा बढी गोधुली साँझमा काम गर्न रुचाउँछन् किनकि गोधुली साँझमा दिउँसो देखापर्ने चर्को घाम पनि देखा पर्दैन । जसले किसानहरुलाई काम गर्न पनि सजिलो हुन्छ ।

गोधुली साँझलाई देखेपछि कोही रमाउँछन् त कोही निराश पनि हुन्छन् । तर जब म गोधुली साँझलाई देख्दछु । तब मेरो मनमा आनन्द पैदा हुन्छ । दिनमा भएका सकारात्मक तथा नकारात्मक घटनाहरू सब भोलि एउटा नयाँ सुरुवात गर्न मेरो आत्मा तत्पर हुन्छ । आजको भन्दा पनि भोलिको समयलाई राम्ररी सदुपयोग गरेर अझ असल व्यक्ति बन्नेछु र यो सुनौलो जीवनमा अघि बढ्ने भन्ने सोच गोधुली साँझलाई देखेपछि आफै आउँदछ ।

गोधुली साँझमा देखापर्ने ती मनलाई लोभ्याउने खालका रङ्गहरू जुन आकाशमा देखा पर्दछन् त्यसले मलाई जिन्दगी कति रङ्गमय र रमाइलो छ भन्ने अनुभूति दिन्छ । यो रङ्गमयमा आकाशमा जब विभिन्न चरा चुरुङ्गीहरु आवाज निकाल्दै रमाउँछन् तब मलाई पनि मेरो जीवन त्यस्तै आनन्द र स्वतन्त्र बनाउने प्रेरणा पाउँछ । जब सूर्य पनि आफ्नो समय आएपछि धर्तीमा अस्ताउँदछ । तब मलाई महसुस हुन्छ एक न एक दिन हामी मानिसको पनि अस्ताउने समय आउनेछ भन्ने कारणले मलाई भोलिको कार्य पनि आज नै गर्न मन लाग्दछ र बाँचुन्जेल सबैसँग मिलेर बाँच्न मन लाग्दछ । त्यो गोधुली साँझमा चल्ने छुट्टै प्रकारको बतासिलो हावाको स्पर्शले जब मेरो शरीरलाई छुन्छ तब प्रकृति कस्तो अनौठो तर सुन्दर छ भन्ने भावनाको अनुभूति हुन्छ ।

गोधुली साँझलाई देखेपछि सबै मानिसलाई मलाई अनुभूति भएका भावनाहरू आउँदैन किनभने सबै मानिसले मैले जस्तो जीवन पाएका छैनन् । मलाई चाहिने आवश्यक कुराहरू सबै मैले पाइरहेकी छु । तर त्यो संसारमा कतिपय मानिसले जीवन जिउन चाहिने दैनिक आवश्यकताका कुराहरु पूरा गर्न सकिरहेका छैनन् । गोधुली साँझलाई मन नपराउने पनि धेरै छन् । मानिस बसनका लागि घर बनाउने मिस्त्रीहरूलाई पनि गोधुली साँझ मन पर्दैन होला । सायद किनकि मिस्त्रीहरुले घण्टाको आधारमा पैसा पाउँछन् जुन गोधुली साँझमा अन्त्य हुन्छ । उनीहरुलाई पनि त अझै अलि घण्टा काम गरी पैसा अझ कमाउन मन लाग्छ होला नि ।

मिस्त्रीहरूलाई मात्र होइन गोधुली साँझलाई देखेपछि बेरोजगार, गरिब, टुहुरा, घरविहीन मानिसहरूलाई पनि दिक्क लाग्छ होला । गोधुली साँझको बेलामा बेरोजगार मानिसहरूलाई अर्को दिन पनि बेरोजगार भएर बित्यो अब भोलि पनि त्यही त हो नि कहिले नयाँ सुरुवात नहुने रहेछ क्यारे भन्ने लागेर निराश हुन्छन् होला । गरिबहरूलाई एक छाक खान पनि धौधौ हुन्छ । हो उनीहरूलाई गोधुरी साँझ आएपछि अब के खाने होला ? खानाका लागि कहाँबाट ल्याउने होला ? भनेर तनाव बाहेक केही हुँदैन । टुहुरा वा घरविहीन मानिसहरूलाई गोधुली साँझ पर्ने बित्तिकै अब टाउकोमाथि छानो छैन, यो रात कसरी कटाउने होला भन्ने कुराले मात्र उनीहरूलाई सताइरहन्छ होला ।

यही कारणहरूले कतिपय मानिसले गोधुली साँझलाई मन पनि पराउँदैनन् । तर यो प्रकृति त हो यसलाई दोष दिएर के फाइदा ? छोटो समयका लागि मात्र देखापर्ने साँझलाई किन यति धेरै नराम्रो सोच्नु । यो साँझलाई राम्रो सोच्ने पनि छन् र नराम्रो सोच्ने पनि छन् । त्यसैले त यसलाई प्रकृतिको खेल भनिन्छ त । सानासाना बालबालिकाहरू विद्यालयबाट घर फर्कने बेला गोधुली साँझ हुन्छ । जसको कारण उनीहरु रमाई रमाई आफ्नो आमाबुबा भेट्ने आशाले घर फर्किन्छन् । त्यसरी नै चराहरू पनि गोधुली साँझमा खानलाई चारवटी आफ्नो बच्चाहरू भएको गुँणमा जान्छन् । काम गर्न गएका श्रीमान् र श्रीमतीको यही साँझमा घरमा भेट हुन्छ । यो संसार नै थकित भएको कारण गोधुली साँझमा संसार पनि रमाउँदछ । अनगिन्ती सपनाहरू बोकेर हिँडेका मानिसहरूका लागि परिवारसँग बोल्ने उपयुक्त समय पनि गोधुली साँझ नै हो ।

*कक्षा-१०, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल, हेटौंडा-२*

# अक्षर



✍कोशिका सापकोटा

सानो सानो अक्षर
पढ्ने मेरो लक्षण

आकार ओकार लगाई
अक्षर राम्रो बनाई

अक्षर हो हाम्रो
बनाउँ सधैँ राम्रो

शिक्षक पनि खुसी
कोई छैन दुखी

हाम्रो एक सीप
बनाऊ सधैँ दीप

*कक्षा-५, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल, हेटौंडा-२*

# नाग पञ्चमी



✍लरेन्स जोशी


नागपञ्चमीमा नागको पूजा गरी मूल ढोकामाथि नागको फोटाने टाँसी पूजा गरी मनाइन्छ । नागपञ्चमीको दिन नागको पूजा गर्दा सर्पको डर हुँदैन भन्ने धार्मिक विश्वास छ । नागपञ्चमी नेपाल भरका हिन्दू, जैन र बौद्ध धर्मावलम्बीहरू र हिन्दू, जैन र बौद्ध धर्मावलम्बीहरू बसोबास गर्ने अन्य देशमा मनाइने नाग वा सर्प (जुन पौराणिक नाग प्राणीहरुसँग सम्बन्धित छन्) को परम्परागत पूजाको दिन हो ।

नागपञ्चमी श्रावण शुक्लपक्षको पञ्चमी तिथिमा नागको पूजा गरी मनाइन्छ । यस दिन आठ प्रकारको अष्ट नागको पूजा गर्ने गरिन्छ । यो पर्व यस वर्ष मिति २०८१ श्रावण २५ गते शुक्रबार परेको थियो । यस विशेष दिन घरमा नागको पूजा गर्छन् ।

यस दिन पूजा गर्नाले घरमा चट्याङ, आगो र सर्पको डर नहुने जनविश्वास रहेको छ ।

*कक्षा-३, नवोदय शिशु सदन, हेटौंटा-४*

# गरिबी बोल्दै छ !



✍सरोजप्रसाद साह

यो देशको भोको पेट, चिसोले कुत्रुम्क परेको शरीर बोल्दै छु !
यो देशको खाली पकेट, मैलो वस्त्र बोल्दै छु !!
गरीब बोल्दै छु, गरिबी बोल्दै छु !!



बत्ति नभएको अँध्यारो कोठा, रोटी नभएको खाली प्लेट बोल्दै छु !
भुकम्पले भत्केको कमजोर घर, प्वाल परेको डरलाग्दो टेन्ट बोल्दै छु !!
गरीब बोल्दै छु, गरिबी बोल्दै छु !!

अशिक्षित अनपढ मन, घिनलाग्दो फोहोर तन बोल्दै छ !
दबाइएको आवाज, पिछडिएको बेसहारा श्रम बोल्दै छु !!
गरीब बोल्दै छु, गरिबी बोल्दै छु !!

घायल स्वाभिमान, फ्यालिएको निर्लज मजदुरी बोल्दै छु !
धुलोले लतपत भएको जीवन, अन्याय र अत्याचार बोल्दै छु !!
गरीब बोल्दै छु, गरिबी बोल्दै छु !!



प्रदूषित फोक्सो, भैदभावले कुल्चिनै लगेको टुक्रा टुक्रा हृदय बोल्दै छु !
असमानताको दलदलमा फसेको आशा, डर र डरलाग्दो भविष्य बोल्दै छ !!
गरीब बोल्दै छु, गरिबी बोल्दै छु !!



वर्षातमा टपटप चुहिरहेको छानो, हिलो र भय बोल्दै छु !
हिउँदको नाङ्गो शरीर, दोहन गरिएको यौवन र धमिलो सूर्यास्त बोल्दै छु !!
गरीब बोल्दै छु, गरिबी बोल्दै छु !!

# छोरी म



✍खुसी कपौंला

छोराको आश गरेर बस्दा जन्मेकी म छोरी
सोचाइ हाम्रो भएन राम्रो भइनँ म प्यारी

बाआमा पाली भविष्य राम्रो बनाई छाड्नेछु
समाजको यो कुविचारलाई डटेर छोड्नेछु

कसरी पार गर्ने हो मैले यतिको चुनौति
घरको हिम्मत आमाको आश सबैको म शक्ति

लक्ष्मीको नाम प्रयोग मात्र हुने यो ठाउँमा
घृणाको भाव बोकेका छन् छोरीको नाउँमा

मारेर फाली, बन्ददारी गरी फालेका ती नारी
नारीको नाम इज्जत बारे बुझौँ म कसरी ?

मिहिनेत गरी अगाडि बढ्दा तिरस्कार सुनाए
आफूले आफ्नो कमजोर पक्ष आँशुमा लुकाए

नारीले मात्र यतिको दु:ख किन हो धानेका
सबैको आज्ञा पालना गरी छन् नारी बाधेका

कसरी पछि छोड्ने हो मैले सबैको विचार
जीवन भर सङ्घर्ष गर कहिल्यै नहार ।

*कक्षा-९, नवोदय शिशु सदन, हेटौंडा-४*

# मेरो विद्यालय

आहा कति राम्रो मेरो विद्यालय
हेर्न भनी आउँछन् मान्छे कतिपय
पढिरहुँ खेलिरहुँ लाग्छ मलाई यतै
यति राम्रो ठाउँ त पाउँदिन खै कतै

विद्यालयमा पढ्न मात्र होइन खेल्नु पनि पर्छ
कक्षाकोठामा अनुशासित भई बस्नुपर्छ
पढी लेखी साथी अघि बढनुपर्छ
ठूलो मानिस बनेर स्कुलको नाम चम्काउनुपर्छ

गुरुबा र गुरुआमाको सत्कार गर्नुपर्छ
उहाँहरुले भनेको काम पालना गर्नुपर्छ
ठूलो मान्छे बन्न मिहिनेत गर्नुपर्छ
सफा सुग्घर भएर विद्यालय आउनुपर्छ



✍सचिना गौतम

*कक्षा-७, बालज्योति मावि, हेटौंडा-५*






*Prashna Dhakal, class-4,*
*Navodaya Shishu Sadan*
*Hetauda-4*



सुयोग श्रेष्ठ
कक्षाः-५, ब्रम्हदिक् एकेडेमी
हेटौंडा-४

# शिक्षक संगठनद्वारा बागमतीका ११८ वटै पालिकालाई ज्ञापनपत्र बुझायो

समाज संवाददाता

हेटौंडाः नेपाल राष्ट्रिय शिक्षक संगठनले बागमती प्रदेशका १३ जिल्लाका एक सय १८ वटै पालिकालाई ज्ञापनपत्र बुझाएको छ । आइतबार एकसाथ पालिकाहरुमा शैक्षिक सुधारका लागि २७ बुँदे मागसहितको ज्ञापनपत्र बुझाइएको हो। संगठनको हेटौंडा उपमहानगर कमिटी अध्यक्ष गोपीरमण प्याकुरेलले हेटौंडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँलाई ज्ञापनपत्र बुझाउनुभएको छ । नगरप्रमुख कार्यव्यस्तताका कारण कार्यालयभन्दा बाहिर रहनुहुने भएपछि उपप्रमुखलाई ज्ञापनपत्र बुझाइएको हो ।

शिक्षक संगठनले पालिकाको कुल बजेटको कम्तिमा २० प्रतिशत बजेट शिक्षामा लगानी गर्नुपर्ने, विद्यालयमा कार्यरत लेखापाल, बालविकास सहजकर्ता र विद्यालय कर्मचारीको पारिश्रमिक महंगी बढेअनुसार समायोजन गर्नुपर्ने, विद्यालयमा विद्यालय कर्मचारीको दरबन्दी थप गर्नुपर्ने, नीतिगत तहमा संगठनको प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने माग गरिएको छ। यस्तै विद्यालयमा प्रशासनिक खर्चको व्यवस्था गर्नुपर्ने, सबै तहका विद्यार्थीका लागि खाजा कार्यक्रम लागु

**संगठनले अभिभावक शिक्षा प्रदान गर्नुपर्ने, पालिकाले विद्यालयको वर्गीकरण गरेअनुसार संस्थागत विद्यालयमा कार्यरत शिक्षक, कर्मचारीको सेवा सुविधा सुनिश्चित गर्नुपर्ने, शिक्षक बैंकको परीक्षामा स्थानीय विषय विज्ञलाई प्रयोग गर्नुपर्ने लगायतका माग गरेका छन् ।**

गर्नुपर्ने, प्रसुती विदामा रहेका शिक्षकको स्थानमा सट्टा शिक्षकको व्यवस्था गर्नुपर्ने, वार्षिकरुपमा उत्कृष्ट शिक्षकलाई सम्मान गर्नुपर्ने, शिक्षकका लागि विषयगत तालिमको व्यवस्था गर्नुपर्ने, शुक्रबार बुक फ्री फ्राइडे बनाई विद्यार्थीलाई सीप र अतिरिक्त क्रियाकलापमा जोड्नुपर्ने माग पनि संगठनको छ ।

संगठनले अभिभावक शिक्षा प्रदान गर्नुपर्ने, पालिकाले विद्यालयको वर्गीकरण गरेअनुसार संस्थागत विद्यालयमा कार्यरत शिक्षक, कर्मचारीको सेवा सुविधा सुनिश्चित गर्नुपर्ने, शिक्षक बैंकको परीक्षामा स्थानीय विषय विज्ञलाई प्रयोग गर्नुपर्ने लगायतका माग गरेका छन् । नेपाल शिक्षक संगठन मकवानपुरका अध्यक्ष गोपीरमण प्याकुरेलले संगठनको तर्फबाट प्रदेशका सबै पालिकामा एकसाथ ज्ञापनपत्र बुझाउने कार्यक्रमअन्तर्गत हेटौंडा उपमहानगरपालिकामा पनि ज्ञापनपत्र बुझाइएको जानकारी दिनुभयो । उहाँका अनुसार कतिपय पालिकाले बालविकास सहजकर्ता, विद्यालय कर्मचारीका लागि संघीय अनुदानमा थप गरेर दिनुपर्ने र कम नदिएको पाइएकोले एकसाथ प्रदेशका सबै पालिकालाई सजग गराइएको हो । निश्चित अवधिमा आफ्ना माग पूरा गर्नुपर्ने भनेर किटान नगरिएको र विद्यालय तहको शिक्षाको सुधारका लागि आवश्यक पक्षहरुलाई समेटेर ध्यानार्षकण गराइएको उहाँको भनाइ छ ।

शिक्षक संगठनको ज्ञापनपत्र बुझ्नुभएपछि हेटौंडा उपमहानगर पालिकाका उपप्रमुख राजेश बानियाँले शिक्षक संगठनका माग सकारात्मक भए पनि कतिपय माग पूरा गर्न कठिन रहेको बताउनुभयो । उहाँले सम्भव भएसम्मका मागहरुलाई सम्बोधन गरेर विद्यालय शिक्षालाई राम्रो बनाउँदै लैजाने प्रतिवद्धता व्यक्त गर्नुभयो। पालिकामा ज्ञापनपत्र बुझाउन नेपाल राष्ट्रिय शिक्षक संगठन मकवानपुर जिल्ला कमिटीका अध्यक्ष श्रीराम दाहाल, सचिव मुकुन्द न्यौपाने, बागमती प्रदेश समिति सदस्य सुनिल गौतम लगायतको सहभागिता रहेको थियो ।

# मलामी गएर फर्किएका मलिकको खोलाले बगाएर मृत्यु

समाज संवाददाता

हेटौंडाः सिन्धुली जिल्लाको दुधौली नगरपालिका-९, जितपुरमा खोलाले बगाएर एक जना पुरुषको मृत्यु भएको छ। मृत्यु हुनेमा ५१ वर्षीय सुरेश मलिक रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

सोमबार बिहान ८ बजेर ३० मिनेटको समयमा मलिक मलामी जाने क्रममा खोलाले बगाएको थियो। खोलाले बगाएका मलिकलाई स्थानीयले खोजी गर्दै जाँदा बगाएको स्थानबाट ५ सय मिटर तल खोला किनारमा मृत अवस्थामा फेला परेको प्रहरीले जानकारी दिएको छ।

# मिनि भ्यानले स्कुटरलाई ठक्कर दिँदा विष्णुकलाको मृत्यु

समाज संवाददाता

हेटौंडाः चितवन जिल्लाको भरतपुर महानगरपालिका-९, शिवालय मन्दिर नजिक मिनि भ्यानले स्कुटरलाई ठक्कर दिँदा स्कुटरमा सवार एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा भरतपुर महानगर पालिका-८, गौरीगन्जकी ६१ वर्षीया विष्णुकला गौतम रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

सोमबार दिउँसो १२ बजेर १५ मिनेटको समयमा भित्री सडकखण्डमा ना ५ च १०५३ नम्बरको मिनि भ्यानले ना ५६ प ४११५ नम्बरको स्कुटरलाई ठक्कर दिँदा स्कुटर पछाडी सवार गौतम गम्भिर घाईते भएकी थिईन् । घाइते गौतमलाई उपचारका लागि नयाँ मेडिकल कलेज भरतपुर लगिएकोमा उपचारको क्रममा दिउँसो १ बजेको समयमा मृत्यु भएको प्रहरीले जनाएको छ। स्कुटर, गाडी चालक नवलपुर जिल्ला गैंडाकोट नगरपालिका-५ का २६ वर्षीय विष्णुकान्त अधिकारीलाई नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालय लागिएको प्रहरीले जनाएको छ ।

# बकैयामा ९ ए साइड फुटबल प्रतियोगिता हुँदै

समाज संवाददाता

हेटौंडाः मकवानपुरको बकैया गाउँपालिका वडा नम्बर ५ स्थित भडौरामा बुधबारदेखि ९ ए साइड फुटबल प्रतियोगिता सुरु हुँदैछ। सिमातमाई डाँफे युवा क्लबको आयोजनामा बुधबारदेखि प्रतियोगिता सुरु हुन लागेको हो ।

प्रतियोगिताअन्तर्गत बुधबारको उद्घाटन खेलमा आयोजक ए र हात्तीखोला एफसीबीच प्रतिस्पर्धा हुनेछ । दुई टिमबीचको खेल दिउँसो ३ बजे सुरु हुनेछ । भदौ ८ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा २८ टिम सहभागी छन् । नकआउट चरणमा हुने प्रतियोगिताको विजेता टिमले ३० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले १५ हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

# हेटौंडा-७ लाई शनिबार बालमैत्री वडा घोषणा गरिँदै

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका वडा नम्बर ७ लाई आगामी शनिबार बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरिने भएको छ। मंगलबार पत्रकार सम्मेलन गर्दै वडाले बालमैत्री घोषणा कार्यक्रमका लागि तयारी पूरा भएको जनाएको हो ।

हेटौंडा-७ का वडाध्यक्ष एवम् बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा मुल समारोह समितिका संयोजक दामोदर खनालले वडाले बालमैत्री स्थानीय शासन अभियान सञ्चालन गरी विभिन्न चरण पार गरेको बताउनुभएको छ । वडाले बालमैत्री घोषणाका लागि आवश्यक ५१ सूचकमध्ये ४६ वटा सूचक एक सय प्रतिशत पूरा गरेको छ भने बाँकी केही प्रतिशतमात्र पूरा हुन बाँकी छ । वडाले ५१ वटा सूचकमा ९९.७३ प्रतिशत नतिजा हासिल गरेको बताइएको छ ।

वडाभित्र १ हजार ८ सय ९८ जना बालबालिका रहेकोमा वडालाई निकृष्ट बालश्रममुक्त, बाल विवाहमुक्त तथ बालमैत्री स्थानीय शासनयुक्त बनाउन सफल भएको अध्यक्ष गौतमले बताउनुभयो। बालबालिकाको सुन्दर भविष्य निर्माणमा घरपरिवारको साथै वडाको ठूलो जिम्मेवारी र दायित्व हुने भन्दै उहाँले बालबालिकाको क्षेत्रमा लगानी गर्न आवश्यक रहेको बताउनुभयो। उहाँले बालमैत्री घोषणा भइसकेपछि यसलाई दिगोपनाका लागि वडाले नीति बनाएको बताउनुभयो ।

यस्तै, हेटौंडा उपमहानगरपालिकाकी महिला, बालबालिका तथा समावेशीकरण महाशाखा प्रमुख विष्णुकुमारी लामिछानेले नगरपालिकाले बालमैत्री शासन घोषणालाई दिगोपनाका लागि रणनीतिक योजना बनाएको बताउनुभएको छ। उहाँले वडा नम्बर ७ लाई बालमैत्री घोषणामा वडा बाल सहजकर्ताहरुको महत्वपूर्ण योगदान रहेको भन्दै धन्यवाद दिनुभयो ।

उपमहानगरपालिकाले २०७९ सालमा वडा बाल सहजकर्ता नियुक्त गरेर बालमैत्री तयारीका लागि अभियान थालेको थियो । २०७९ साल फागुन २ गते वडामा बाल सहजकर्ताको रुपमा नियुक्त भएर महत्वपूर्ण भूमिका खेल्ने गोकर्ण लामालाई उहाँले धन्यवाद दिनुभयो । लामाले एक वर्ष वडा बालसहजकर्ताको रुपमा महत्वपूर्ण काम गरेर विदेश पलायन हुनुभएको उहाँले बताउनुभयो । लामाको स्थानमा विवेक अधिकारीलाई नियुक्त गरेर वडाले बालमैत्री घोषणा तयारीको कामलाई निरन्तरता दिएको थियो ।

प्रमुख लामिछानेले नगरभित्रका अन्य वडाहरुमा पनि बालमैत्री घोषणाको तयारी भइरहेको बताउनुभएको छ। उहाँका अनुसार हेटौंडा-१७ र १० बालमैत्री शासनयुक्त वडा घोषणाका लागि तयारीमा छन् । बालमैत्री घोषणा कार्यक्रम शनिबार बिहान १० बजे वडा कार्यालयबाट प्रभातफेरी गरी नवज्योति माविको प्राङ्गणमा हुने जनाइएको छ ।

# हेटौंडा फुटबल एकेडेमी भारतको इन्डिपेन्डेन्ट डे फुटबलको फाइनलमा

समाज संवाददाता

हेटौंडाः छिमेकी मुलुक भारतमा जारी ७८ औं संस्करणको इन्डिपेन्डेन्ट डे फुटबल प्रतियोगिताको फाइनलमा हेटौंडा फुटबल एकेडेमी प्रवेश गरेको छ । आइतबार भारतको सिक्किमस्थित मुनसुङ खेल मैदानमा भएको पहिलो सेमिफाइनल खेलमा घरेलु टोली एफसी मामरिङ सिक्किमलाई २-१ गोलले हराउँदै एकेडेमी फाइनलमा पुगेको हो ।

फुटबल एकेडेमीको जीतमा मिलन स्याङ्तान र पवन राईले समान एक-एक गोल गरेका हुन् । स्याङ्तानले पहिलो हाफमा एक गोल गरेका हुन् भने राईले दोस्रो हाफमा गोल गर्दै टिमलाई जीत दिलाएका हुन्। खेलको म्यान अफ द म्याच स्याङ्तान घोषित भएका छन् । उनले १ हजार ५ रुपैयाँ र ट्रफी प्राप्त गरेका छन्।

यसअघि शुक्रबार भएको क्वार्टर फाइनल खेलमा सिम्टङ सिक्किम क्लबलाई ३-१ गोल अन्तरले हराउँदै फुटबल एकेडेमी सेफाइनलमा प्रवेश गरेको थियो । उक्त खेलमा मिलन स्याङ्तानले २ गोल गरेका थिए भने अमित चौधरीले १ गोल गरेका थिए । क्वार्टरफाइनल चरणको खेलमा पनि २ गोलकर्ता स्याङ्तान म्यान अफ द म्याच घोषित भएका थिए ।

मुरमोसङ चिङचोक युथ क्लबको आयोजना तथा भारत सरकारको सहयोगमा अगष्ट १ मा सुरु भएको प्रतियोगितामा १९ टिमको सहभागिता रहेको छ । चिङचोक युथ क्लबले हरेक वर्ष अगष्ट महिनामा इन्डिपेन्डेन्ट डेको अवसरमा प्रतियोगिता आयोजना गर्ने गरेको छ ।

गत वर्ष भएको ७७ औं संस्करणको प्रतियोगितामा उपविजेता बनेको फुटबल एकेडेमीले यसवर्ष उपाधि जित्ने लक्ष्य लिएको प्रशिक्षक तथा अध्यक्ष भीम लामाले बताउनुभयो । छिमेकी मुलुकबाट उपाधि जितेर ट्रफी प्राप्त गर्ने लक्ष्य लिएको प्रशिक्षक लामाले बताउनुभयो । यसअघि पनि हेटौंडा फुटबल एकेडेमीले वेष्टपानडम सिक्किम, नर्थ सिक्किम, गेजिङ सिक्किम, रोडथान सिक्किम, पदक्ष सिक्किम, सिन्ताङ सिक्किमलगायतका प्रतियोगिताहरुमा सहभागी भएको उहाँले बताउनुभयो ।

प्रशिक्षक लामाले खेलाडीहरुको प्रतिनिधित्व गरेर विभिन्न प्रतियोगितामा एकेडेमीलाई सहभागी गराउँदै आउनुभएको छ। खेलाडीहरुको प्रतिनिधित्व गरेर छिरिङ लामा क्याप्टेन, धिरन क्षेत्री टिम म्यानेजर र प्रशिक्षकको रुपमा भीम लामा जानुभएको छ। प्रतियोगिताको उपाधि विजेताले एक लाख रुपैयाँ र उपविजेताले ६० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । यस्तै, विधागत उत्कृष्ट खेलाडीहरुले पनि पुरस्कार प्राप्त गर्नेछन्।

# जिल्ला लिगबाट क्लबहरुको वरियता छुट्याइने

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्ला लिग फुटबल प्रतियोगितामा यस वर्षबाट क्लबहरुको वरियता छुट्याइने भएको छ। मकवानपुर जिल्ला खेलकुद विकास समितिको कार्यालय परिसरमा शनिबार जिल्ला लिग प्रतियोगिताको समयतालिका, मोडालिटी, कार्यविधि र नियमावलीको विषयमा भएको छलफल कार्यक्रममा क्लबको वरियता छुट्याइने निर्णय भएको हो ।

जिल्ला लिग प्रतियोगितामा सहभागी हुने एन्फा मकवानपुरमा आवद्ध २८ क्लबका पदाधिकारीहरुको उपस्थितिमा छलफल कार्यक्रमको आयोजना गरिएको थियो । लिगमा सहभागी हुने २८ वटा क्लबलाई वरियता छुट्याउनका लागि क्लबहरुलाई ४ समूहमा विभाजन गरेर प्रत्येक समूहमा ७ वटा क्लबलाई समावेश गराइने संघका महासचिव छवि सुवेदीले जानकारी दिनुभएको छ । जसअर्न्तगत हरेक समूहको शीर्ष ३ स्थानमा रहने क्लबहरु एन्फा मकवानपुरको 'ए' डिभिजन क्लबमा तथा चौथो र पाँचौं हुने ८ वटा क्लबहरु 'बी' डिभिजनमा छनोट हुने महासचिव सुवेदीले बताउनुभयो । छैटौं र सातौं हुने ८ वटा क्लबहरु भने एन्फा मकवानपुरको 'सी' डिभिजन क्लबको सूचीमा पर्ने उहाँको भनाइ छ ।

यस्तै, जिल्लाको खुला क्वालिफाइबाट आएका दुईसहितको १० क्लबले आगामी वर्षमा हुने 'सी' डिभिजन लिग प्रतियोगितामा सहभागी हुने उहाँले बताउनुभयो । प्रतियोगितामा सहभागी हुनका लागि सम्बन्धित क्लबहरुले ५ हजार रुपैयाँ दर्ता शुल्क बुझाएर आगामी भदौ ४ गतेसम्म टिम दर्ता गराइसक्नुपर्ने उहाँले बताउनुभयो। प्रतियोगिताको खेलतालिका भदौ ५ गते ३ बजे संघको कार्यालयमा सार्वजनिक गरिने उहाँले बताउनुभयो ।

लिग प्रतियोगितामा च्याम्पियन बन्ने टिमले यसवर्ष हुने प्रदेश लिग प्रतियोगितामा सहभागिता जनाउन पाउने उहाँले बताउनुभयो । यसवर्ष अखिल नेपाल फुटबल संघ (एन्फा)ले आयोजना गरेको ए, बी र सी डिभिजन लिग प्रतियोगितामा सहभागी हुने खेलाडीहरु जिल्ला लिगमा सहभागी हुन नपाउने बताइएको छ ।

प्रतियोगिताको विजेता टिमले एक लाख रुपैयाँ र उपविजेता टिमले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगिता आयोजनाका लागि करिब १२ लाख रुपैयाँ खर्च हुने अनुमान आयोजकको छ। यसअघि भएको लिग प्रतियोगिताको उपाधि न्यु डाँफे युथ क्लबले जितेको थियो भने उपविजेता हटिया स्पोर्टस् एकेडेमी बन्न पुगेको थियो ।

वि.स. २०७६ सालको कोरोनापछि सञ्चालन हुन नसकेको लिग प्रतियोगितालाई निरन्तरता दिनका लागि यस वर्षबाट प्रतियोगिता आयोजना गरेको हो । प्रतियोगिताका लागि विभिन्न निकायहरुबाट सहयोग प्राप्त भइरहेको छ ।


## गाईभैंसीमा लाग्ने लम्पी स्किन डिजिज (Lumpy Skin Disease) रोगविरुद्ध सप्ताहव्यापी खोप अभियान बारे सार्वजनिक सूचना

लम्पी स्किन डिजिज (Lumpy Skin Disease) गाईभैंसीमा विषाणुबाट लाग्ने घातक संक्रामक रोग । यो रोग वि.सं. २०७७ असारमा प्रथम पटक नेपालमा प्रमाणित भएको र हाल ७५ जिल्लामा देखा परिसकेको छ। नेपालमा यस रोगले गर्दा ३० अर्बसम्मको आर्थिक क्षति भएको अनुमान छ । यो रोगको खास उपचार नभएकोले यसको नियन्त्रणका लागि सबैभन्दा प्रभावकारी पद्दति व्यापक रुपमा खोप लगाउनु हो ।

**यो रोग लागेमा निम्न बमोजिमका लक्षणहरू देखा पर्दछ** :-
- उच्च ज्वरो (१०४ फरेनहाइट वा माथि) आउने,
- शरीरका विभिन्न ठाउँमा विशेष गरेर घाँटी, पछाडिको भाग, पेट र थुन वरिपरी गिर्खाहरु (१० देखि ५० मिलिमिटरसम्मका) देखिने,
- कचेरा निकाल्ने, सिंगान बग्ने तथा फिँज धेरै निकाल्ने, लिम्फ नोडहरु सुन्निने,
- दुधालु गाईभैंसीमा दूध उत्पादन ८० प्रतिशतसम्म घट्ने,
- जोर्नी र खुट्टाहरु सुन्निने र हिँड्न गाह्रो हुने,
- थुनेलो देखिन सक्ने,
- गर्भ तुहिने र पछी बाँझोपना देखिन सक्ने,
- यस रोगबाट एउटा क्षेत्रमा सामान्यतया ५ देखि ४५% सम्म जति गाईभैंसीहरू बिरामी पर्ने र १-५ % सम्म गाईहरू मर्न सक्छन्,
- यो रोग मानिसमा भने सर्दैन ।

यो रोग नियन्त्रणको सबैभन्दा उत्तम उपाय समयमै खोप लगाउनु हो । खोप लगाउँदा ३-६ महिना उमेर माथिका सबैलाई लगाउनु पर्दछ। यस रोगको विरुद्ध पहिलो पटक ४ महिनाको उमेर पूरा भएपछि लगाउने र तत्पश्चात खोप लगाउँदा हरेक १/१ वर्षको फरकमा वर्षायाममा लगाउनुपर्दछ। अन्यत्रबाट ल्याइएका गाईभैंसीहरुलाई खोप लगाएर २१ दिन छुट्टै राख्नुपर्दछ। फार्ममा बिरामी पशुलाई अलग्गै राख्ने, अनावश्यक व्यक्ति, पशु र सवारीहरुको प्रवेशमा रोग लगाउने, निसंक्रामक औषधीहरुको प्रयोग गरी नियमित सफाई गर्ने, संक्रमित क्षेत्रमा पशुको ओसारपसार नियन्त्रण गर्ने, मरेका पशहरुलाई Dispose गर्ने जस्ता जैविक सुरक्षाका विधिहरु कडाइका साथ अवलम्बन गर्नु पर्दछ ।

लम्पी स्किन डिजिज (Lumpy Skin Disease) रोगको रोकथामका लागि बागमती प्रदेश, कृषि तथा पशपुन्छी विकास मन्त्रालय मातहतका कार्यालयहरु मार्फत वि.सं. २०८० सालमा दूई लाख डोज खोप लगाइएको थियो। यो वर्ष पनि श्रावण २५ देखि ३१ गतेसम्म बागमती प्रदेशका १३ वटै जिल्लाहरुमा लम्पी स्किन डिजिज (Lumpy Skin Disease) रोग बिरुद्ध सप्ताहव्यापी खोप अभियान सञ्चालन हुँदैछ। उक्त अभियानमा सहभागी भई गाईभैंसीहरुमा समयमा नै खोप लगाउन, मन्त्रालय सम्पूर्ण गाईभैंसी पालक कृषकहरुमा हार्दिक अनुरोध गर्दछ। थप जानकारीका लागि पशुसेवा कार्यालयहरु (मकवानपुर, चितवन, सिन्धुली, धादिङ्ग, नुवाकोट, ललितपुर, दोलखा र काभ्रे), पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, हेटौंडा वा यस मन्त्रालयमा सम्पर्क गर्नु हुन अनुरोध छ ।

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बागमती प्रदेश, हेटौंडा, नेपाल


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ